वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक १७४ | २०८२ कात्तिक १६ गते आइतबार, नेपाल सम्वत् ११४५ November 02, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## धान खेतमै उम्रियो

तनहुँको आँवुखैरेनी गाउँपालिका-१ सत्रसयका किसानले आफ्नो खेतमा पाकेको धान काटी निहिनमा राखेपनि केही दिनदेखि निरन्तर परेको वर्षाका कारण निहिनमै धान उम्रन थालेको छ । किसानको धान बेमौसमी वर्षाले क्षति पुऱ्याएको छ। मेहनतको फल भित्र्याउने बेलामा परेको वर्षाले किसानको मन अमिलो बनाएको छ ।

*तस्विर : रविन्द्र अधिकारी/भञ्ज्याङ*

# ज्ञान, विज्ञान, धर्म र मानवताको संगमस्थलका रूपमा विकास हुँदै उत्तरबाहिनी

**वासुदेव पौडेल**/गण्डकी

गण्डकी र लुम्बिनी प्रदेशको सिमानास्थित स्याङ्जाको गल्याङ नगरपालिका-१ र पाल्पाको रम्भा गाउँपालिका-१ को सङ्गमस्थल उत्तरबाहिनी क्षेत्रलाई ज्ञान, विज्ञान, धर्म र मानवताको सङ्गमस्थलका रूपमा विकास गर्ने उद्देश्यअनुरूप काम अघि बढाइएको छ ।

कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको सक्रियतामा यहाँको प्रवर्द्धन र विकासमा निरन्तर पहल बढाइएको हो । प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्यकृष्ण जी महाराजका अनुसार उत्तरबाहिनी क्षेत्र धार्मिक रूपमा विशिष्ट महत्वको क्षेत्र हो। उत्तरतर्फ फर्केको नदीलाई सर्वतीर्थका रूपमा लिइने उल्लेख गर्दै उहाँले यस क्षेत्रमा कालीगण्डकी उत्तर भएर बगेको हुनाले यस क्षेत्रलाई उत्तरबाहिनी भनिएको हो।

उत्तरबाहिनीको दर्शन गर्दा पाप नाश हुने धार्मिक विश्वास रहेको उहाँले बताउनुभयो । यस क्षेत्रको समग्र विकासका लागि प्रतिष्ठानले निरन्तर पहल गरिरहेको बताउँदै उहाँले यस पहलमा राज्यका विभिन्न निकायसँगै आम भक्तजनको निरन्तर साथ र सहयोग भएको जानकारी दिनुभयो ।

"कालीगण्डकीको महिमाका साथै यस क्षेत्रको संरक्षण र विकासको लक्ष्यका साथ २०७२ सालमा कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान संस्थागत रूपमा दर्ता गर्दै अघि बढाइएको हो", उहाँले भन्नुभयो, "त्यसयता प्रतिष्ठानको सक्रियतामा यस क्षेत्रमा ज्ञान विज्ञान महायज्ञसँगै विभिन्न पूर्वाधार निर्माणका काम सञ्चालन भैरहेका छन् ।"

प्रतिष्ठानले २०७३ असोज २७ गतेदेखि कात्तिक ७ गतेसम्म नेपाल महिमा एवं गीता ज्ञान विज्ञान महायज्ञ सञ्चालन गरेको जानकारी दिदै उहाँले सो क्रममा २१ करोड दीप प्रज्वलन गरिएको बताउनुभयो। महायज्ञमा रू एक करोड चार लाख सङ्कलन भई करिब रू ५५ लाख खर्च भएको थियो । बाँकी रकमबाट ४० रोपनी जग्गा खरिद गरिएको थियो। त्यस यता सोही जग्गामा विभिन्न किसिमका पूर्वाधार विकासका काम भइरहेका छन् । विसं २०७४ मा रू ५० लाख लागतमा एक हजार जना अट्ने सभाहल निर्माण गरिएको छ ।

प्रतिष्ठानले यस क्षेत्रमा प्राकृतिक चिकित्सालय सञ्चालन गरेको छ । यहाँ १२ वटा कोठाको प्राकृतिक चिकित्सालयको भवन निर्माण गरिएको छ। संघीय बजेटबाट रू दुई करोड १२ लाखको लागतमा चिकित्सालय भवन निर्माण गरिएको हो। प्राकृतिक चिकित्सा, योग उपचारआदि सञ्चालन भइरहेको उक्त



चिकित्सालय यही वर्ष वैशाखदेखि सञ्चालनमा आएको आचार्य चैतन्यकृष्णले जानकारी दिनुभयो ।

### मिनि मुक्तिनाथ धाम

प्रतिष्ठानले यस क्षेत्रलाई मिनि मुक्तिनाथ धामका रूपमा विकास गर्नेगरी अघि बढेको छ । उक्त प्रयोजनका लागि २० फिट उचाइको भगवान् शिवको मूर्तिसहित १०८ धारा स्थापना भइसकेको छ । ती धाराबाट कालीगण्डकीको जल आउने गरी व्यवस्था मिलाइएको जानकारी दिँदै आचार्य चैतन्यकृष्णले हालसम्मका पूर्वाधार निर्माणका लागि करिब रू एक करोड खर्च भइसकेको र अन्य थप पूर्वाधार विकासमा रू एक करोड खर्च हुने अनुमान गरिएको जानकारी दिनुभयो । परिसरमा शङ्खद्वार, नृसिंह गुफालगायतका संरचना निर्माण गरिएको छ ।

### प्रतिष्ठानद्वारा गुरूकुल सञ्चालन

प्रतिष्ठानले यस क्षेत्रकै कालीगण्डकी पारी रम्घा गाउँपालिका-१ पाल्पामा कालिगण्डकी गुरूकुल सञ्चालनमा ल्याएको छ । विसं २०७६ देखि कक्षा ६ देखि १० सम्म सञ्चालन भैरहेको सो गुरूकुलमा हाल ३७ जना विद्यार्थी अध्ययनरत छन् । गुरूकुलबाट दुई शैक्षिक सत्रका विद्यार्थीले एसइई दिइसकेका छन्। सुरूमा चार कोठासहित पठनपाठन सुरू गरिएको गुरूकुलमा रम्भा गाउँपालिकाले माथि थप दुई तला निर्माण सहयोग गरेको छ । प्रतिष्ठानले रेडियो जनकल्याण पनि सञ्चालन गरिरहेको र यसलाई रेडियो उत्तरबाहिनीका रूपमा सञ्चालन गर्ने योजना अघि सारेको छ ।

कालीगण्डकी महिमासँगै यस क्षेत्रको धार्मिक महत्वलाई उजागर गर्नका लागि प्रतिष्ठानले २०५९ सालदेखि निरन्तर दामोदर धार्मिक उत्सव सञ्चालन गर्दै आएको छ। यस वर्ष गत असोज ११ गतेदेखि यही कात्तिक १९ गतेसम्म उत्तरगण्डकी महामेला दामोदर धर्मोत्सव सञ्चालन भइरहेको छ। धर्मोत्सवका लागि हरिद्वारलगायतका नेपाल र भारतका विभिन्न स्थानहरूबाट प्रसिद्ध सन्तगुरूहरु सहभागी हुनुभएको आयोजकले

*बाँकी तेश्रो पेजमा*

# प्रदेश र स्थानीय तहलाई छुट्याइएको अनुदान हस्तान्तरण नहुँदा बजेट

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

संघ सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक बजेटमार्फत् छुट्याउने विभिन्न शीर्षकको अनुदान रकम आर्थिक वर्षको बीचमा कटौती हुँदा समग्र बजेट कार्यान्वयन भएको देखिएको छ। गत असोज ३० गते राष्ट्रपतिसमक्ष पेस भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदनअनुसार आयोगको सिफारिस बमोजिम अनुदान नछुट्याइएको मात्र नभइ तल्लो तहमा पठाउने भनेर तोकिएको रकमसमेत आंशिक रूपमा हस्तान्तरण हुने गरेको देखिएको हो। यस्तो प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या देखिएको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

"आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई रु ६० अर्ब र स्थानीय सरकारलाई रु ८८ अर्ब हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१.७६ प्रतिशत र स्थानीय सरकारलाई ९१.७४ प्रतिशत हस्तान्तरण भएको देखिन्छ", प्रतिवेदनमा भनिएको छ, "सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ।"

संघ सरकारबाट मात्र नभइ केही प्रदेशहरूलेसमेत स्थानीय तहलाई छुट्याएको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगरेको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ९९.७५ र कर्णालीले ९८.९१ प्रतिशत मात्र हस्तान्तरण गरेको देखिन्छ । वित्तीय समानीकरण अनुदानतर्फ गतवर्ष यी दुई प्रदेशले समान ९५ करोड विनियोजन गरेका थिए । यी दुई प्रदेशले विनियोजन बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगर्नुको वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको आयोगको प्रतिवेदनमा जनाइएको छ ।

त्यस्तै, सशर्त अनुदानतर्फ भने संघ सरकार र प्रदेशले आयोगलाई तथ्याङ्क नै उपलब्ध नगराएको पनि प्रतिवेदनमा उल्लेख छ । "आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन", वार्षिक प्रतिवेदनमा भनिएको छ । केही स्थानीय तहहरूले नगर विकास कोषबाट ऋण लिँदा कानुनको परिपालना नगरेको पनि आयोगले औँल्याएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा १६ वटा पालिकाले नगर विकास कोषबाट रू ३७ करोड १९ लाख ३६ हजार बराबर ऋण लिएका थिए । जसमध्ये केही स्थानीय सरकारले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नै नगरीकन ऋण उठाएको तथा केही पालिकाले आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण उठाएको देखिएको आयोगले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । रासस

# ‘प्रत्यक्ष कार्यकारीले नेपालको विविधता समेट्दैन, निरंकुशता आउँछ’

जेनजी आन्दोलनपछि केही युवाहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको वकालत गरिरहेका छन् भने संविधानसभाले यो विषयमा पर्याप्त छलफल गरिसकेको थियो। नीलाम्बर आचार्यले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीले निरंकुशता बढ्ने र विविधता प्रतिनिधित्व गर्न नसक्ने बताएका छन्। उनले चुनावमा जान दलहरूसँग संवाद आवश्यक रहेको र संविधानमा सुधार आवश्यक रहेको उल्लेख गरे। संविधान निर्माणका क्रममा छोडिएको एउटा राजनीतिक एजेन्डा जेनजी आन्दोलनको रापपछि फेरि एकपटक सतहमा आएको छ । त्यो हो- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली ।

विशेषगरी राजनीतिक अस्थिरताले थकित र वैकल्पिक उपाय खोजिरहेकाहरूले यसलाई स्थिरता र समृद्धिको अचूक उपाय ठानिरहेका छन्, तर अर्को पक्षले यसले शक्तिलाई एकै ठाउँमा केन्द्रित गरी नयाँ संकट वा निरंकुशताको प्रस्थानविन्दु बन्न सक्ने जोखिम औंल्याइरहेका छन्। संसदीय लोकतन्त्रले जवाफदेहिता दिन नसकेको गुनासोबीच, नेपालजस्तो विविधतायुक्त र भूराजनीतिक संवेदनशील मुलुकका लागि कुन शासकीय स्वरूप सान्दर्भिक होला? बदल्नुपर्ने राजनीतिक संस्कृति हो कि शासकीय स्वरूप ? यही प्रश्नलाई गम्भीर र जिम्मेवार सार्वजनिक बहसमा रूपान्तरण गर्न अनलाइनखबरले ‘बहसमा प्रत्यक्ष कार्यकारी’ श्रृंखला सुरू गरेको छ, जहाँ दुवै पक्षका तर्क, विश्व अनुभव र संवैधानिक जटिलताहरु खोतलिनेछ ।

यो बहसमा राजनीतिक दल, जेनजी अगुवा, विश्लेषक र विज्ञलगायतका दृष्टिकोणलाई समान ठाउँ दिइनेछ। बहसले केवल विकल्प प्रस्तुत गर्ने होइन, आशा र यथार्थबीचको दूरी नाप्ने प्रयास गर्नेछ ।

सरकारले निर्वाचनको घोषणा गरेपछि राजनीतिक दलहरू चुनावी तयारीमा लाग्दै गर्दा चुनावका लागि आह्वान गरिसकेको छ, तर आन्दोलनका केही शक्ति र व्यक्तिहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली नहुँदासम्म चुनावमा जान सकिँदैन भन्ने कुरा पनि उठाइरहेका छन् । यसै सन्दर्भमा संविधान सभामा संविधान निर्माणमा समेत संलग्न भएका राजनीतिज्ञ, २०४७ सालको अन्तरिम सरकारका मन्त्री नीलाम्बर आचार्यसँग अनलाइनखबरका दुर्गा खनालले गरेको कुराकानी :

**जेनजी युवाहरूले अहिले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको वकालत गरिरहेका छन्। तपाईंले संविधान निर्माण गर्ने क्रममा संवैधानिक समितिको सभापतिको रूपमा भूमिका खेल्नुभएको थियो । त्यो बेला प्रणाली किन राखिएन। अहिले नेपालको सन्दर्भमा यो कति सान्दर्भिक छ ?**

यसका दुईटा पाटा छन्। पहिलो पाटो त के छ भने, यो विषयमा पहिले नै प्रशस्त छलफल भइसकेको हो। त्यसबेला के-के तर्क उठेका थिए, त्यसलाई हेरेर अगाडि बढ्नुपर्छ । त्यही कुरा फेरि किन दोहोऱ्याउने?

दोस्रो कुरा के हो भने, अहिले निर्वाचनमा पनि यो विषयलाई जनतामाझ लैजान सकिन्छ छलफल गर्न सकिन्छ। यही मुद्दालाई लिएर निर्वाचनमा गए हुन्छ। निर्वाचनमा गइसकेपछि जुन प्रतिनिधि सभा बन्छ, त्यो प्रतिनिधि सभाले छलफल गरेर यसलाई टुंग्याए पनि हुन्छ। त्यसैले यो विषय उठाएर अहिले निर्वाचनलाई नै रोक्नुपर्छ भन्ने होइन ।

हिजो टुङ्गिसकेको विषय हो भनेर मैले आज प्रश्न नउठाऊँ भन्न खोजेको होइन । प्रश्न उठिसकेपछि त्यो प्रश्नको निराकरण गरिनुपर्छ। संविधान सभामा प्रत्यक्ष निर्वाचित कार्यकारिणीको पक्षमा धेरै बलियो मत थियो। तर, हाम्रो मुलुकको आन्तरिक भौगोलिक स्थिति, बाह्य भौगोलिक स्थिति, राष्ट्रिय स्वाधीनता, प्रजातन्त्र, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, संगठन स्वतन्त्रता र हाम्रो राजनीतिक इतिहास यी सबको अध्ययन गर्दा राष्ट्रपति पद्धतिमा जाँदाखेरि मुलुक बढी हिंसामा उत्रिनुपर्ने स्थितिमा जान्छ भन्ने भयो । अहिले हालै देखियो नि, संसदीय प्रणालीमा जतिबेला सजिलैसँग सरकार बदल्न सकिन्छ, नयाँ सरकार आउन सकिन्छ, त्यसबेला त सरकारलाई राजीनामा दिनको निम्ति यत्रो आन्दोलन भयो। यदी तपाईंले पाँच वर्षसम्म एउटा सम्पूर्ण अधिकार प्राप्त राष्ट्रपति चुन्नुहुन्छ अथवा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री चुन्नुहुन्छ भने उसलाई हटाउन त ठूलै अशान्ति गर्नुपर्ने स्थिति हुन जान्छ।

अर्को, हाम्रो जुन मुलुकको भौगोलिक स्थिति छ, जनसांख्यिक स्थिति छ, त्यसमा एउटा बहुमत प्राप्त व्यक्तिले सम्पूर्ण अधिकार प्राप्त गर्ने, जो अल्पमतमा रहेका छन् उसको केही केही पनि नहुने भन्ने स्थिति हुन्छ । हाम्रो जुन बनावट छ, जुन इतिहास छ, त्यसले पनि यतातर्फ जान अनुमति दिंदैन। अर्को, हामीले संसदीय प्रणालीमा त त्यत्रो संसद्को अंकुश भएको प्रधानमन्त्रीलाई ‘निरंकुश भयो’, ‘यो मानेन’, ‘अहंकारी भयो’ भनेर आरोप लगाउँछौं भने, भोलि प्रत्यक्ष रूपमा निर्वाचित हुने प्रधानमन्त्री कस्तो होला ? तपाई आफैं अनुमान गर्न सक्नुहुन्छ । त्यसैले हाम्रा आफ्ना अनुभवहरूलाई पनि केलाएर हेर्नुपर्छ।

यति भन्दाभन्दै पनि, त्यो त मेरो विचार हो । अरूको अर्को विचार होला। यदि यो ‘इस्यु’ मा छलफल गर्ने हो भने, यसलाई देशव्यापी छलफलको विषय बनाएर चुनावमा जानु ठिक लाग्छ। जो अडान हैन, अहिले नै यसरी जानुपर्छ, हुनैपर्छ भन्नुहुन्छ भने, यो त चुनावमा हुन नदिने वा चुनाव नहुने अवस्थातर्फ लम्बिनु हो ।

**चुनाव हुनासाथ त संसद् आउँछ, अनि संसद्बाट बहुमतको निर्णय हुन्छ । तसर्थ यही कारणले चुनाव नै रोक्ने खालका कुरा गर्नुहुन्छ । संविधान निर्माणको क्रममा तपाई संवैधानिक समितिमा रहनुभयो । त्यो बेला छलफलमा तपाईंहरुले प्रत्यक्ष निर्वाचितको गुण र अवगुण के भनेर कसरी छुट्याउनुभयो?**

पहिले त प्रष्टै छ के भने, प्रत्यक्ष निर्वाचित कार्यकारीमा निरंकुशताको सम्भावना बढी हुन्छ, निश्चित छ। प्रत्यक्ष निर्वाचित कार्यकारिणीले एकातिर निरंकुशता हुन्छ भने अर्कोतिर, सबैभन्दा ठूलो दबाब पऱ्यो भने ‘कुसन’ (सहारा) हुँदैन बीचमा । मैले त यसलाई फेस गर्नुपर्छ, पार्लियामेन्ट फेस गर्नुपर्छ भन्दा राष्ट्रमाथि नै बाह्य दबाब बढी पर्ने, उसलाई थेग्न नसक्ने हुन जान्छ । अथवा, थेगेर बलजफ ती गऱ्यो भने बाह्य सम्बन्ध बिग्रने हुनसक्छ ।

हामीले सबैलाई समेट्नुपर्छ। हाम्रो विविधतायुक्त समावेशी देश हो । एउटै व्यक्तिमा सबै अधिकार हुँदाखेरि सबैलाई समेट्न सकिँदैन। त्यसो भए त यो संसदीय प्रणाली नै हाम्रो निम्ति उपयुक्त हुन्छ। नत्र त माओवादी उस बेला प्रत्यक्ष कार्यकारिणीको पक्षमा थियो।

एमाले पनि सुरू-सुरूमा त कार्यकारिणी प्रधानमन्त्री, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भन्नेमा थिए। एमाले सजिलैसँग छलफल गर्दै आउँदा ‘यो त हुने रहेनछ’ भनेर सहमतिमा आए । माओवादी पनि त्यसैमा जोडिए ।

माओवादीमा केही व्यक्तिहरु त लोकतन्त्र भन्ने सुन्न चाहँदैनथे, बहुदलीय लोकतन्त्र त परै जाओस्। त्यसैले त माओवादीमा फुट भयो । त्यसैले त दोस्रो संविधान सभाले संविधान ल्याउन सक्यो। फुटेका केही माओवादी धारले त दोस्रो संविधान सभाको निर्वाचनमा भागै लिएन ।

त्यसैले, पहिलो संविधान सभाले विभिन्न विचारधाराहरु आपसमा नमिल्ने हुँदाहुँदै पनि त्यसलाई सम्हालेर लगेर एउटा ठाउँमा पुऱ्याउने प्रयास गऱ्यो। जसको फलस्वरूप दोस्रो संविधान सभाले त्यसलाई पनि ओभरटेक गरेर, त्यसका कामलाई पनि आफ्नो सम्पत्ति बनाएर त्यसमाथि काम गरेर संविधान जारी हुन सक्यो।

**अहिले युवाहरूले ‘हामीले हामीमाथि शासन गर्ने व्यक्तिलाई प्रत्यक्ष रूपमा चयन गरेर ल्याउँछौं, यो भनेको बढी लोकतान्त्रिक विधि हो भनिरहेका छन् नि ?**

हो, ठिक छ। तर उहाँहरूको तर्कमा छलफल गरौं, अगाडि बढौं। मेरो भनाइ के छ भने, त्यो कसरी डेमोक्रेटिक हुन सक्छ जसमाथि तपाईंले चुनेका प्रतिनिधिहरूको ,जनताले चुनेका प्रतिनिधिहरूको–अंकुश हुँदैन? अंकुश हुने, उनीप्रति उत्तरदायी हुने, उनलाई चाहिँ बहुमतबाट निकाल्न सक्ने भयो भने नै डेमोक्रेटिक होला नि ?

तपाईंका प्रतिनिधिहरु आखिर त जनताले चनेका हुन् । आफ्ना प्रतिनिधिप्रति चाहिँ तपाईंका प्रतिनिधिले कन्ट्रोल (नियन्त्रण) गर्ने मान्छे नै कार्यकारिणी प्रमुख भयो भने बढी तपाईंका कुरा सुन्लान्, जनताको कुरा सुन्लान्। तपाईंका प्रतिनिधिको कुरा नसुन्नेले त प्रेसको कुरा पनि सुन्दैन, कुनै नागरिकको कुरा पनि सुन्दैन।

तपाईंलाई थाहा छ कि छैन? अहिले अमेरिकामा पनि संसदीय प्रणालीमा नगएर हामीले समस्या बोक्नुपऱ्यो भनेर बहस भइरहेको छ । भूतपूर्व राष्ट्रपतिले त्यस्तो कुरा गरिरहेका छन्। त्यसैले अन्यत्रका स्थितिलाई पनि हेरौं।

अनि अर्को कुरा के भने, अनि राष्ट्रपति जनताको बहुमतले चुन्ने हो । अनि जसले राष्ट्रपतिलाई भोट दिएनन्, तिनको के हुने त ? अनि ती के जनता होइनन् ? तिनको सेफगार्ड (सुरक्षा) के हुने ? तिनका प्रतिनिधि त कहिँ नहुने भए । कार्यकारिणी माथि त तिनको कुनै कन्ट्रोल नहुने भयो। तर, संसदीयमा जानुभयो भने चाहिँ एकजना, दुईजना पनि तपाईंले संसदमा पठाउनुभयो भने तपाईंको आवाज संसद् मार्फत कार्यकारिणीलाई अंकुश लगाउने हुन्छ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी भएको प्रणालीभित्र पनि फेरि संसद त रहनसक्छ नि । संसद्ले त्यसलाई निर्देशनगर्ने खालको मोडल पनि त होला नि ?**

उपाय छन् भने सुनौं, गरौं न। संसद् मातहत हुन्छ भन्ने कसरी हुन्छ ? तपाईंले यदि इम्पिचमेन्ट (महाभियोग) मार्फतको भन्नुहुन्छ भने, त्यो उपाय होइन । जनताले चुनेको मान्छेलाई बहुमतबाट कसरी हटाउन सक्ने भन्ने प्रश्न उठ्छ। त्यसैले, संसद्प्रति उत्तरदायी भएन भने, संसद्ले आफूले नचुनेको कार्यकारिणी भएन भने त्यो चाहिँ निरंकुश हुन्छ, अन्यत्र पनि निरंकुश हुन्छ।

अन्यत्रको अनुभवलाई पनि हामीले हेरौं। श्रीलंकामा के भयो ? अनि अन्यत्र के आवाज उठिरहेको छ ? त्यो पनि हेरौं । नेपालको इतिहास के रहेको छ ? कस्तो रहेको छ ? यो प्रजातान्त्रिक इतिहास मात्रै होइन, अगाडिदेखिकै इतिहास हेरौं । हाम्रा निरंकुशताका प्रवृत्ति कस्ता रहेका छन् ? त्यो हेरौं। अर्को कुरा, हाम्रो जनताको विविधतालाई ध्यानमा दिएर सबैको विविधताको प्रतिनिधित्व हुने शासकीय प्रणाली कसरी हुन्छ ? तपाईंको आफ्नो मन्त्री पनि हुँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा त प्रतिनिधि सभाबाट मन्त्री पनि नल्याउने भन्ने हुन्छ। अनि त्यो कार्यकारिणीमाथि अंकुश कसरी हुन्छ त?

**यसको अर्थ झन् निरंकुशताको बाटोतर्फ जान्छ र विविधता भएको ठाउँमा त्यसले सबैको प्रतिनिधित्व गर्न सक्दैन भन्ने तपाईंको बुझाइ हो?**

हो । सबैको प्रतिनिधित्व गर्न सक्दैन। निरंकुश हुन सक्छ । कम स्वतन्त्र हुन सक्छ। विभिन्न दबाब, ठूला-ठूला बाह्य दबाब झेल्न नसक्ने हुन सक्छ। संसद् सामना गर्नु पर्दैन, भेट्नु पर्दैन। कसैले प्रश्न उठायो भने जवाफ दिनु पर्दैन । जवाफ दिनुपर्छ भनेर दिएन भने के गर्नुहुन्छ ?

त्यसैले यो विषयमा गहिरिएर देशव्यापी छलफल गरौं । जानकारहरूलाई पनि सोधौं। विज्ञहरूको पनि सरसल्लाह र विचार लिऊँ। अन्तर्राष्ट्रिय के-के अनुभव रहेको छ, त्यो पनि हेरौं । किनभन्दा, प्रत्यक्ष निर्वाचित कार्यकारिणी भएका त धेरै देशहरु छन् । ती कस्ता देशहरु छन्, त्यो पनि हेरौं । त्यसरी चाहिँ अगाडि बढौं । यो विषयले यो चुनावलाई रोक्नेतर्फ कोही नलागौं । यो चुनावलाई रोक्ने विषय होइन। यसमा छलफल गर्न सकिन्छ।

छलफल गर्दै जाँदाखेरि चुनावमा जानुभन्दा अगाडि नै तपाईंले बहुमत ल्याउन सक्नुहुन्छ। अहिले प्रत्यक्ष निर्वाचित कार्यकारी भन्नेहरूमा पनि पछि ‘हैन, संसदमा जाउँ’ भन्ने विचारमा आउन सक्छन्। अहिले संसदीय भनेकाहरु पनि प्रत्यक्ष (कार्यकारीको पक्षमा) छलफलकै दौरानमा पनि विचार फेरिन सक्छ। विभिन्न तर्कहरु हुन सक्छन् र चुनाव अगाडि नै पनि एउटा माहोल बन्न सक्दछ, अनि चुनावपश्चात् पनि त्यो माहोलअनुसार निर्णय हुन सक्दछ।

**अहिलेसम्मको संसदीय अभ्यासमा राजनीतिक दलहरुबीच खिचातानी भयो। त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीले राजनीतिक स्थिरता ल्याउँथ्यो कि? पाँच वर्षसम्म एउटैले आफ्नो भिजन अनुसार काम गर्न पाउँथ्यो कि ? भन्ने तर्क पनि छन् नि?**

प्रत्यक्ष निर्वाचित कार्यकारीले स्थिरता दिँदैन । यसले मुलुकलाई झन् अस्थिर बनाउँछ। किनभने, हामी प्रजातान्त्रिक अधिकार, स्वतन्त्रता उपभोग गरिसकेका जनता हौं। प्रजातान्त्रिक स्वतन्त्रताहरु राम्ररी अभ्यास गरिसकेका हाम्रा सञ्चार माध्यम हुन्। र अहिलेको टेक्नोलोजी (प्रविधि)ले त झन् स्वतन्त्रताको माग गर्दछ। त्यसकारण, प्रत्यक्ष निर्वाचित कार्यकारीले ती स्वतन्त्रतालाई सहन सक्दैन।

हाम्रो मुख्य रोग त भ्रष्टाचार हो । विभिन्न काण्डहरु भए र सञ्चार माध्यमहरूले लेखे पनि। तर ती काण्डहरूलाई पर्याप्त अनुसन्धान भएनन्, ती काण्ड उठे, सेलाएर गए। प्रत्यक्ष निर्वाचित कार्यकारी हुँदाखेरी, न पार्लियामेन्ट (संसद) मा कुरा उठ्छ, न अन्त कुरा उठ्छ। अनि यो भ्रष्टाचार विरोधी अभियान कसरी अगाडि बढ्न सक्दछ?

अर्को कुरा, हामी हाम्रो राजनीतिमा चाहिँ विदेशी हस्तक्षेप भयो भनेर भन्छौं। अहिले त विदेशी हस्तक्षेप भनेको भारत र चीनको कुरा मात्रै छ । अहिले त विदेशी हस्तक्षेप भनेको जहाँबाट पनि हुन सक्दछ भनेर भन्छौं।

प्रत्यक्ष कार्यकारी भयो भनेपछि त ऊ चाहिँ दबाबमा पर्दैन भनेर तपाईंले भन्न सक्नुहुन्छ ? अनि मुलुक कहाँ जान्छ ? कस्तो, कसरी राज्यहरु हराएका छन् भन्ने पनि हेर्नुपर्छ। हाम्रो राष्ट्रलाई पनि हेर्नुपर्छ ।

**लोकतान्त्रिक मूल्य-मान्यतासहितको निर्वाचित भएर आएर, त्यो मूल्य-मान्यताभित्रै बसेर काम गर्ने संरचना बनाउन सकिन्न?**

अनि त, छलफल गरौं न। बन्नसक्छ भनेपछि, किन पहिले नै प्रत्यक्ष कार्यकारी नै चाहियो ? अहिले हेर्नुस् त, हामीकहाँ कति पूर्व प्रधानमन्त्रीहरू छन् ? प्रत्यक्ष कार्यकारीलाई दुई-दुई टर्म (अ वधि) सम्म दिनुहोला। दुई टर्म भनेको १० वर्ष उसले शासन गर्छ। यहाँ त १० वर्षमा चार-पाँचवटा प्रधानमन्त्री फेर्दाखेरि पनि उनै अनुहार आइराखे, उनै अनुहार भइराखे भनेर हामीलाई अधैर्य भएको होइन ।

तीन-चारवटा अनुहार फेरिएका हुन् १० वर्षमा। अनि १० वर्षमा एउटै अनुहार भयो भने के स्थिति हुन्छ त ? तपाईंले के भन्नुहुन्छ, हाम्रो देशको जनताको साइकोलोजी (मनोविज्ञान), हाम्रा विभिन्न समुदायहरूका आफ्ना आकांक्षा ‘मेरो मात्रै चाहिने त्यहाँ हुने’ भन्ने। कमसेकम संसदीय प्रणालीमा त तपाईंको अंकुश भएको पार्लियामेन्ट मार्फत तपाईंको अंकुश भएको तपाईंको मान्छे प्रतिनिधि मन्त्री हुन सक्दछ। प्रत्यक्षमा त अंकुश पनि नहुने, संसद्को सदस्य पनि नहुने। अनि तपाईंको अपनत्व कहाँ हुन्छ ?

**अहिले नेपालमा संघीय शासन प्रणाली अपनाएका छौं । संघीय शासन प्रणालीभित्र फेरि प्रत्यक्ष निर्वाचित कार्यकारी भन्ने कुराको कति तालमेल मिल्छ? कि मिल्दैन?**

हामीले संघीय शासन प्रणाली अपनायौं। त्यसमा निकै कमी-कमजोरी रहेका छन् । यसलाई सुधार गर्नुपर्ने आवश्यकता छ। सङ्घीयता पहिले एजेन्डा (कार्यसूची) मा थिएन। यो मधेस आन्दोलनको देन हो। संघीयताबारे पनि कुरा उठिरहेका छन्, संघीयता हुनुहुँदैन भनिरहेका छन् ।

मेरो आफ्नो दृष्टिकोणमा हामीले यो अपनाइसकेका छौं यो संघीयतालाई कसरी प्रभावकारी र कसरी राम्रो र कसरी राष्ट्रिय

बाँकी तेश्रो पेजमा

हामी प्रजातान्त्रिक अधिकार, स्वतन्त्रता उपभोग गरिसकेका जनता हौं। प्रत्यक्ष निर्वाचित कार्यकारीले ती स्वतन्त्रतालाई सहन सक्दैन।



नीलाम्बर आचार्य

## तपाईंको आज

**मेष**
रोकिएका कामहरु अगाडि बढ्नेछन्। यात्रा लाभदायक बन्नेछ । सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्ने संकेत छ।

**वृष**
आय आर्जनका नयाँ स्रोत फेला पर्न सक्छन्। दाजुभाइसँग सहकार्यले फाइदा हुनेछ । प्रेम सम्बन्धमा प्रगति हुनेछ।

**मिथुन**
कामको चाप बढे पनि प्रशंसा पाइनेछ। मिहिनेतको फल प्राप्त हुनेछ। पारिवारिक सुखमा वृद्धि हुनेछ।

**कर्कट**
भाग्यको साथ मिल्नेछ। पुराना समस्या समाधान हुनेछन्। धार्मिक कार्यमा रूचि बढ्नेछ। नयाँ योजना बन्न सक्छ।

**सिंह**
विचारपूर्वक कदम चाल्नुपर्छ। लगानीमा जोखिम हुन सक्छ। गोप्य कुरा बाहिरिन सक्छ, सतर्क रहनुहोस्।

**कन्य**
साझेदारीका काममा सफलता मिल्नेछ। मित्रजनको सहयोग पाइन सक्छ। अध्ययन-अध्यापनमा रूचि बढ्नेछ।

**तुला**
स्वास्थ्यमा सुधार आउनेछ। दैनिक कार्यमा सुधार हुनेछ। प्रतिस्पर्धामा सफलता मिल्नेछ।

**वृश्चिक**
सृजनात्मक काममा सफलता मिल्नेछ। प्रेम प्रसङ्गमा मिठास बढ्नेछ। नयाँ योजना बनाउन शुभ दिन। आत्मविश्वास बढ्नेछ।

**धनु**
पारिवारिक समस्याको समाधान हुने समय छ। भावनामा बहिने समय होइन, निर्णय सोचेर लिनुहोस।

**मकर**
छोटो यात्रा लाभदायक बन्नेछ। बौद्धिक क्षेत्रमा सफलता मिल्नेछ। सञ्चार माध्यममा सक्रियता बढ्नेछ।

**कुम्भ**
आत्मविश्वासमा बृद्धि हुनेछ। पारिवारिक सहयोग मिल्नेछ। कुनै राम्रै प्रस्ताव पाइने सम्भावना छ।

**मीन**
आत्मबलको कमीले काममा बाधा आउन सक्छ। नयाँ काम सुरु गर्नु अघि राम्रो सोचविचार गर्नुहोस।

# 'प्रत्यक्ष कार्यकारीले नेपालको ...............

एकता बलियो पार्न सकिन्छ, त्यतातिर सोच्नु राम्रो संघीयतामा राष्ट्रपति अथवा संघीयतामा कार्यकारी प्रधानमन्त्री दुइटै हुन सक्छ । एउटा तर्क के हुन सक्छ भने, 'संघीयता चाहिँ फैलिएको भएको हुनाले एउटै मान्छेले एकता ल्याउँछ' भनेर भन्ने भनाइ हुन सक्छ। त्यो हो भने संघीयतालाई कमजोर पारेर एउटै मान्छेमा अधिकार दिने भन्ने प्रवृत्ति त फेरि केन्द्रीकरणको प्रवृत्ति भो नि त! त्यसैले, त्यो त संघीयताको अवधारणा विपरीत भयो ।

**संघीयतामा छरिएकोलाई एकीकृत गर्नलाई एउटै व्यक्तिमा अधिकार चाहिन्छ भन्ने हो भने त फेरि सङ्घीयताको, 'सबैलाई अधिकार दिउँ, अधिकार, सार्वभौमिकताको बाँडफाँड गरौँ' भन्ने कुरा त भएन ?**

एउटा व्यक्ति आउँछ, सम्पूर्ण अधिकार उसमा केन्द्रित हुन्छ। हाम्रामा जनताहरूले 'हाम्रो पनि मानिस त्यहाँ छ' भनेर चाहिँ विभिन्न संघका प्रदेशहरूले कसरी अनुभव गर्ने ? अनि त्यो मात्र होइन, प्रदेशभित्रका समुदायहरूले पनि कसरी अनुभव गर्ने ? यी सबै कुरालाई राम्ररी सोचौं भन्छु मैले । राम्ररी सोचौं, राम्ररी विचार गरौं । एउटा चीज चाहिँ के भने 'प्रजातान्त्रिक हुन्छ कि निरंकुश हुन्छ ' भन्ने त एउटा मात्रै पाटो हो। धेरै पाटाहरु यहाँ जोडिएका छन्, धेरै कुराहरु जोडिएका छन्। राष्ट्रियता, विकास, सुशासनका कुरा जोडिएका छन् ।

शासनको स्वच्छताका कुरा, भ्रष्टाचारको न्यूनीकरणका कुरा जोडिएका छन्, अनि सामाजिक न्यायका, अशक्त पक्षहरु, अशक्त समूदायहरु, व्यक्तिहरूले पाउने सामाजिक न्यायका कुराहरु जोडिएका छन् । यी सबै कुराहरूलाई हेरेर हामीले गर्नुपर्छ । एउटा मात्रै कुरा हेरेर मात्र, स्थायित्व भएन, त्यसकारण स्थायित्व दिउँ' भनेको स्थायित्व त भाथ्यो नि । राणा शासनमा पनि स्थायित्व भाथ्यो । त्यसपछि पञ्चायत कालमा पनि थियो। तैपनि राजाहरूले प्रधानमन्त्री फेरिराख्थे त्यसैले, त्यसलाई मात्र हेर्नुहुँदैन।

राजनीति भनेको समष्टिगत रूपमा मुलुकको समस्या हेरेर तिनीहरूका बीचमा तालमेल मिलाउने कुरा हो। यो कुनै एउटा विज्ञताको पक्षलाई मात्रै जोड दिएर होइन कि, सबै विचारधारा, विभिन्न विरोधी विचारधाराका बीचमा कसरी समन्वय ल्याएर पूरा देशलाई एउटा दिशामा लैजान सकिन्छ भन्ने कुरा हो।

**निर्वाचित भएर आउने व्यक्ति कस्तो आइदिएला, त्यसमा पनि यो प्रणाली कसरी जाला भन्ने प्रश्न रहन सक्ला नि ! कतिपय देशहरूमा प्रत्यक्ष निर्वाचित भएर आएका व्यक्तिहरूले गरेका शासनका कारण युद्धमा गएका घटनाहरु पनि छन् नि ?**

संसदीय प्रणालीमा राम्रो व्यक्ति आयो भने राम्ररी अगाडि लैजान सक्छ। अधिकार पनि प्रयोग गर्न सक्छ, दबाब पनि झेल्न सक्छ, अनि स्वच्छ आचरणको अनि सादगीपूर्ण शैलीमा। सुरु-सुरुमा चाहिँ एक वर्षमा उसले राम्ररी काम गर्ला । तर सम्पूर्ण अधिकार भएपछि 'म त अकाट्य भन्ने हुन्छ । अहंकार बढ्दै गएर पछि निरंकुशतामा परिणत हुन्छ । 'ए, म त सबै कुरा जान्ने, 'अरुको कुरा सुन्नु पर्दैन' किनभने व्यवस्थाले नै अरूको कुरा सुन्न आवश्यक देखाएको छैन। त्यो प्रवृत्ति प्रत्यक्ष निर्वाचित नभएकाहरूमा पनि देखिएको छ। हामीले उदाहरण दिन्छौं, त्यो त राम्रा उदाहरण होइनन् नि– सिङ्गापुरका अथवा मलेसियाका। विकासको दृष्टिले मात्रै हेरेर त हुँदैन नि, अधिकारको दृष्टिले त ती राम्रा उदाहरण होइनन्।

**तपाई ४७ सालको आन्दोलनपछि अन्तरिम सरकारको मन्त्री बन्नुभयो । त्यसपछि पनि चुनाव गर्नका लागि पटकपटक अन्तरिम सरकार बनेका छन् । अन्तरिम सरकारका आधारभूत सीप के हुन्छन्? चुनाव गराउन बनेका सरकारका दायित्वहरु के हुन्छन्। कसरी अगाडि बढ्नुपर्छ?**

पहिलो कुरा त चुनावी सरकार र अन्तरिम सरकारका बीचमा फरक बुझ्नुपर्‍यो। अहिलेको सरकारको प्रधानमन्त्रीको पहिलो सम्बोधन देशवासीका नाममा हुँदाखेरि अलमलिएको देखे मैले। किनभने, त्यसमा एक ठाउँमा 'चुनावी सरकार' पनि भन्नुभएको छ । पछि गएर फेरि 'अन्तरिम सरकार' पनि भन्नुभएको छ। यो फरक बुझ्नुपर्‍यो अन्तरिम सरकारले अरु केही कुरालाई पनि ध्यान दिन्छ । किनभने चुनाव गर्नलाई केही कुरा गर्नुपर्ने हुन्छ। ०४७ सालको सरकार अन्तरिम सरकार थियो । संविधान पनि बनाएर चुनाव गराउनुपर्ने थियो।

त्यसबेला एउटा हुकुमी सरकार, गैरदलीय सरकारलाई हटाएर दलीय सरकार गठन भएको थियो। अहिले चाहिँ दलीय सरकारलाई लोकतान्त्रिक रूपले निर्वाचित, संवैधानिक रूपले निर्वाचित सरकारलाई हटाएर अनि गैरदलीय सरकार–दलप्रति विद्वेष राख्ने जस्तो खालको देखिएको छ । त्यो कुरा फरक रहेका छन्।

चुनावमा जाने भनेर भन्नासाथ दलहरु आउँछन्। तर, यो सरकारमा न दलहरूको विश्वास प्राप्त व्यक्ति छन्, न दलका प्रतिनिधिहरु छन्।

समेटेर जाने प्रवृत्ति पनि देखिएको छैन । 'जेनजी आन्दोलन' बाट बनेको सरकरमा २८ वर्ष मुनिका जेनजीका प्रतिनिधि छैनन् । अहिले चुनावी सरकारमा चुनाव गराउने किसिमले चाहिँ प्रतिनिधित्व भएको देखिन्न। किन भने चुनावमा जानलाई त सबैले विश्वास गर्न सक्ने चुनावी सरकार हुनुपर्‍यो नि । दलहरूप्रति द्वेष राखेर चुनावमा जान त सकिँदैन।

अहिलेसम्म सरकारको तर्फबाट पार्टीहरूसँग संवाद चाहिँ सुरु गरिएको छैन। हिजो के सम्बन्ध थियो, कस्तो थियो? बेग्लै कुरा। चुनावमा लैजानुपर्ने छ र मुलुक सम्पूर्ण चुनावमा जाने हो भने जे-जे घटकहरु छन्, तिनीहरूसँग वार्ता त गर्नुपर्‍यो नि। निर्वाचन आयोगसँग वार्ता गर्नुपर्‍यो। दलहरूसँग वार्ता गर्नुपर्‍यो। हिजोका आन्दोलनका शक्तिहरु, जसबाट यो सरकार आयो, तिनीहरूलाई चुनावको लागि तयार रहन भन्पर्छ । वार्ता गर्नुपर्छ ।

चुनावी सरकारमा अलिकति फराकिलोपन हुनुपर्छ । अन्तरिम सरकारहरूको लक्ष्य, म्यान्डेट जनादेश स्पष्ट छ। गर्नुपर्ने केही छ। त्यही किसिमको सरकार, त्यही किसिमको संरचना, त्यही किसिमको बनावट हुन जान्छ । त्यही किसिमले तयारी हुन जान्छ। हामीले त १३ महिनामा कम गरेका थियौं । संविधान पनि बनायौं, निर्वाचन पनि गरेर सुम्पियौं। निर्वाचन भइसकेपछि नेपाली कांग्रेसको बहुमत आयो। अनि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो। त्यसबेला लक्ष्य स्पष्ट थियो । ११ जनाको मन्त्रिपरिषद् थियो। यसमा प्रधानमन्त्री चाहिँ कांग्रेसको तर्फबाट हुनुहुन्थ्यो र दुई जना अन्य मन्त्री कांग्रेसको तर्फबाट हुनुहुन्थ्यो। अनि वाम मोर्चा थियो, वाम मोर्चाबाट तीन जना हुनुहुन्थ्यो। तत्पश्चात् चाहिँ दुई जना नागरिक समाज, विद्वान् वर्गबाट हुनुहुन्थ्यो। अनि दुई जना राजाको तर्फबाट। सकभर त्यसबेला त सबैलाई ११ जनाको कोटा मा समेटिएको थियो। त्यसबेला चुनावमा जानको निम्ति सबैलाई समेट्ने प्रयास गरिएको थियो। त्यसबेला त हामी चाहिँ, 'ए यो राजाविरूद्ध आएका, राजाका प्रतिनिधिलाई मान्दैनौं' भनेर त बसेनौं।

त्यसकारणले के भने भन्दाखेरि, अहिलेको उसले विभाजनको मनस्थिति लिएर चाहिँ सबैलाई चुनावमा ल्याउने बाटो बनाउन सक्दैन। अनि सबैलाई एकीकृत गर्ने मनस्थितिबाट अगाडि– हेर्नुपर्छ । राजनीतिमा विभिन्न दृष्टिकोणहरु हुन्छन्। ती दृष्टिकोण सबैसित काम गर्ने क्षमता राख्नुपर्छ। राजनीतिक नेतृत्वको काम नै चाहिँ के भने, विभिन्न दृष्टिकोणका बीच समन्वय ल्याएर अगाडि बढ्ने। एउटै सरकारमा त एउटा मन्त्रालय र अर्को मन्त्रालयका बीचमा विवाद पर्छ र प्रधानमन्त्रीले समन्वय गर्नुपर्छ। त्यसैले राजनीतिमा विभिन्न दृष्टिकोण हुन्छन्। सबैलाई समेटेर जानुपर्छ ।

**केही दलहरुले चुनावमा जाने तर केहीले नजाने भनेका छन् । केही दल चुनावमा नजाँदैमा चुनाव हुने वा नहुने अवस्था बन्छ ?**

कुन दल हुन् त्यसमा भर पर्छ। मुलुकको ठूलो जनसत्त्या चुनावमा जाने भएन भने के हुन्छ ? चुनावमा कमसेकम ५० प्रतिशत भोट खसोस् भन्ने त होला नि ! चुनावको वैधता चाहिँ देखियोस् भन्ने पनि होला। त्यसैले, 'केही' भन्नासाथ, जसको प्रभाव छैन, जसको सङ्गठन छैन, देशव्यापी सदस्यता छैन, अनि त्यसले चाहिँ बहिष्कार गरे पनि चुनाव हुन्छ। चुनावमा वैधानिकता भएर मात्रै हुँदैन, वैधता हुनुपर्छ। अर्थात् स्वीकार्यता हुनुपर्छ। देश भित्र स्वीकार्यता हुनुपर्छ। देश भित्र बहुसत्त्यकले स्वीकार गर्दिँदैनन् भने चुनाव के काम लाग्यो? अनि हाम्रा विदेशी मित्रहरूले सहयोगी, 'ए तिम्रो चुनाव त लोकतान्त्रिक भएन' भनेर स्वीकार गरेनन् भने त भएन नि । त्यसैले, चुनाव वैध हुनुपर्छ, वैधता प्राप्त स्वीकार्यता हुनुपर्छ।

मुलुकका स्थापित राजनीतिक पार्टीहरु चुनावमा गइदिएनन् भने त्यसले वैधता प्राप्त गर्न गाह्रो पर्छ। दोस्रो कुरा के, नयाँ पार्टीहरूलाई चुनावमा आउन नदिने हो भनेपछि पनि, हाम्रो त प्रतिस्पर्धात्मक व्यवस्था हो । त्यसबेला पनि वैधताको प्रश्न उठ्छ। साना पार्टीले पनि भाग लिन पाउनुपर्छ। साना पार्टी पनि ठूलो पार्टी बन्ने प्रयास गर्न पाउनुपर्छ। त्यसरी त चुनावमा यदि भाग लिँदैनन् भने अथवा भाग लिने बाटो बन्द गरिन्छ भने, त्यो चाहिँ लोकतान्त्रिक चुनाव हुँदैन।

**यति ठूलो आन्दोलन भए पनि केही दलले त्यसलाई अझै स्वीकारेका छैनन त्यस्ता दलहरूलाई चाहिँ के भन्नुहुन्छ?**

त्यस्ता दलहरूसँग सरकारले कुरा गर्नुपर्‍यो। अनि सरकारले संवाद गर्नुपर्‍यो। अहिलेसम्म संवाद नगरेको भएन। अनि दलप्रति द्वेष भावना राख्न भएन। दल र जेनजी पुस्ताका बीचमा पनि कसरी हुन्छ संवाद, बाटो त खोल्नुपर्‍यो । संवादविहीन स्थितिमा लामो रहनु हुँदैन। चुनाव भन्या त, हिंसा त होइन नि। देशव्यापी संवादलाई अगाडि बढाउनको निम्ति अहिले पनि त एउटा संवादको वातावरण, माहोल त सिर्जना गर्नुपर्छ । त्यतातिर प्रयास भएनन्। त्यो प्रयास भयो भने, अहिलेका भनाइहरु चाहिँ सुस्तसुस्त चुनावमुखी भएर जान्छन्। अहिलेका विवादह पनि चुनावमुखी हुन्छन् । राजनीतिमा त आफ्नो कुरा भनेर मात्र हुँदैन नि त। अरूको कुरा पनि सुन्नुपर्छ, त्यसको जवाफ दिनुपर्छ। अन्तर्क्रिया हुनुपर्छ, अन्तरसंवाद हुनुपर्छ, अनि एउटा निष्कर्षमा पुग्नुपर्छ ।

**जुन संघर्षपूर्ण अवस्थाबाट संविधान जारी भएको थियो, त्यो संविधान चाहिँ करिब–करिब एक प्रकारले घाइते जस्तो अवस्थामा छ। अब यसलाई फेरि ट्र्याक (बाटो) मा ल्याउनको लागि राजनीतिक दल, सरकार या आन्दोलनकारी शक्तिहरु–यी सबैलाई तपाईंको सन्देश के छ?**

यो संविधानको अभ्यासको हामीले समीक्षा गरेनौं । हो, त्यो गल्ती गर्‍यौं। हामीले १० वर्षको संवैधानिक अभ्यास, किनभने यो संविधान चाहिँ संवैधानिक दस्तावेज मात्रै भएन, तत्कालीन राजनीतिको उपज (परिणाम) को दस्तावेज पनि हो। तसर्थ, राजनीतिक दस्तावेजको रूपमा कतिपय कमजोरी यसमा प्रवेश गरेका छन्। सरकार गठनकै प्रक्रियामा कमजोरी छन्। संसदीय प्रणालीका केही विशेषताहरु छन्, ती विशेषताहरूलाई हामीले हटाइदिउँ। त्यसैले, हेर्नुपर्छ, संविधानको अभ्यासलाई हेर्नुपर्छ। संविधानमा के-के संशोधन गर्न सकिन्छ, हुन्छ। ती संशोधन के-के आवश्यक हुन्छ भनेर छलफलबाट पार्टीहरु आऊन्। आफ्नो-आफ्नो के-के संविधानमा संशोधन गर्न चाहन्छन्, त्यो मार्फत जनताको अभिमत चाहिने चर्चा गरून्। यो संविधान यथावत् रूपमा काम गर्न सक्दैन, यसमा चाहिँ सुधार चाहिँ चाहिन्छ भन्ने त देखिएको छ। त्यसलाई त हामीले स्वीकार गर्नुपर्‍यो।


विवाह वारी २० वर्ष पारी

सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ



बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।

व्यास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ । गण्डकी प्रदेश


## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | विर बहादुर थापा मगर दुलेगौंडा-६, तनहुँ | साविक उदेनढुंगा १/ङ कि.नं. १८५७ क्षे. ३-०-०-० | २०८२/०६/२३ | RCC | उत्तर तर्फ : कि.नं. १२७, ११२, ११३ पूर्व तर्फ : कि.नं. १२५ |

# ज्ञान, विज्ञान, धर्म र ......

जनाएको छ। महामेलामा सहभागी हुने भक्तजनलाई देवघाट, रुरुक्षेत्र, सेतीवेणी शीला, मुक्तिनाथ लगायतका तीर्थस्थल दर्शनको व्यवस्था मिलाइएको अध्यक्ष चैतन्य कृष्णले बताउनुभयो। महामेला अवधिभर तुलसीदल, गण्डकीजलद्वारा सवालाख शालग्राम भगवान्को अभिषेक पूजन, दीपदान तथा शृङ्गारिक गंगा आरती, विश्वविख्यात संत एवं गुरुहरुद्वारा प्रवचन, उत्तरवाहिनी महास्नान, उत्तरवाहिनी पूजन लगायतका गतिविधि गरिँदै आइएको छ । महमामेलाकै अवसरमा राष्ट्रिय लोकभजन प्रतियोगिता, राष्ट्रिय वतृत्वकला प्रतियोगिता, धार्मिक तथा सांस्कृतिक हाजिरीजवाफ, निबन्ध लेखन, कविता प्रतियोगिता पनि सञ्चालन भइरहेको जनाइएको छ। महायज्ञमा हालसम्म करिब रू दुई लाख भक्तजन सहभागी भैसकेको र यहाँको समग्र विकासका लागि करिब रू दुई करोड दान सहयोग समेत प्राप्त भएको आचार्य चैतन्यकृष्णले जानकारी दिनुभयो । उहाँका अनुसार महायज्ञकै क्रममा १५ कोठासहित ध्यानकक्ष निर्माणका लागि रू पाँच करोड सहयोगको घोषणासमेत भइसकेको छ ।

**गण्डकी र लुम्बिनी प्रदेश सरकारको चासो**

उत्तरबाहिनी क्षेत्रको समग्र विकासका लागि गण्डकी र लुम्बिनी प्रदेश सरकारले चासो दिएका छन्। यसै क्षेत्रमा गत भदौ १६ गते गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यबीच सम्पन्न मुख्यमन्त्रीस्तरीय बैठक सम्पन्न भई दुवै प्रदेशको समग्र विकासमा साझा प्रयत्न गर्ने निर्णयसहित नौ बुँदे घोषणापत्र जारी गरिएको थियो ।

उक्त बैठकमा 'दामोदरकुण्ड कृष्णागण्डकी 'उत्तरवाहिनी'-लुम्बिनी मुक्तिमार्ग' विकासका लागि अवधारणा पत्र तयार गर्न दुवै प्रदेशको पर्यटन हेर्ने मन्त्रालयको समन्वयमा प्रक्रिया अघि बढाउने निर्णय गरिएको थियो। सो बैठकमा उत्तरबाहिनी क्षेत्रमा सञ्चालन हुने कात्तिक महास्नान तथा दामोदर धर्मोत्सव भव्य रूपमा सफल बनाउन प्रदेश सरकारबाट सहजीकरण गर्ने र स्थानीयस्तरमा सहजीकरणका लागि आ-आफ्नो प्रदेशका स्थानीय तहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुरोध गर्ने निर्णय गरिएको थियो ।

त्यस्तै कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिका लागि दुवै प्रदेशका योजना आयोगको समन्वयमा संयुक्त रूपमा कार्यान्वयन गर्न सकिने कार्यक्रम पहिचान गरी आगामी पुस मसान्तभित्र दुवै प्रदेश सरकारमा पेस गर्ने उल्लेख गरिएको थियो। यस्ता धार्मिक महत्वका स्थलको प्रवर्द्धन र विकासका लागि राज्यका साथै सबैको साथ र सहयोग अपरिहार्य हुने समाजसेवी एवं उत्तरगण्डकी महामेलाको प्रचारप्रसार समिति गण्डकी प्रदेशका संयोजक चन्द्रकान्त बरालले बताउनुभयो । धर्मोत्सवका माध्यमबाट नेपालका ऐतिहासिक एवं धार्मिक महत्वका तीर्थहरूको पनि उजागर गर्ने लक्ष्य राखिएको प्रतिष्ठानका सहसचिव एवं महामेला आयोजक समितिका सचिव विवेक बस्यालले बताउनुभयो । रासस

## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवाः सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवाः सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ

**पुनश्चः** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन

**प्रदेश अस्पताल दमौली, तनहुँ**


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्याँक-क्याँक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.डु.द.नं. २/२०७८/०७९
२०८२ कार्तिक १६, आइतबार
November 02, 2025



**भलिबल प्रतियोगिता**

तनहुँको भिमाद नगरपालिकाको जनशान्ति युथ क्लब भिमाद नपा ६ शान्तिनगर तनहुँद्वारा हरिबोधनी एकादशीको अवसरमा आयोजित वडा स्तरीय पुरूष भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै खेलाडीहरू ।

*तस्विर : भञ्ज्याङ*

# बेमौसमी वर्षाले धानबालीमा क्षति, चिन्तित किसान

**सुशील दर्नाल**/काठमाडौं

चाँगुनारायण नगरपालिका–९ ताथलीका किसान शिव गिरीले सोमबार धान काट्ने बेला चरक्क घाम लागेको थियो । तर, मङ्गलबाट घाम देख्नै पाइएन । धान सुक्नै पाएन। बरू बुधबारदेखि निरन्तर झरी परिरहेको छ । गिरीलाई घाममा सुक्न नपाएको धानमा निरन्तर पानी पर्दा धान टुसा लाग्ने हो कि भन्ने चिन्ताले सताएको छ । उहाँले भन्नुभयो, "दुई बिघाभन्दा बढी धान काटेको तीन/चार दिन भयो, धान काटेदेखि घाम लागेकै छैन, हिजो बिहानदेखि झन् पानी परिरहेको छ, अब धान खेतमै टुसा लाग्छ होला, वर्षभरि खेती गऱ्यो स्याहार्ने बेलामा यस्तै हुन्छ ।"

गिरीलाई एकातिर काटेको धान सुकाउन नपाई उम्रिने हो कि भन्ने चिन्ता छ भने अर्कोतिर ठूला पानी वा असिना परेर काट्न बाँकी धान पनि झार्दिने हो कि भन्ने छ । पाक्दै गरेका र काटेर राखेका धानलाई दुई–तीन दिन घाममा सुकाएमा भित्र्याउन सकिन्छ । तर वर्षा नरोकिँदा पाक्दै गरेको र काटेर सुकाएका धानमा असर गर्छ । गिरीले भन्नुभयो, "धान काटेर झार्नका लागि मुठा बाँध्ने काम हुँदै थियो, एक्कासि पानी पऱ्यो, पानीले कामै गर्न दिएन, अहिले बाँधेको मुठा र नबाँधेको धान सबै भिजेको छ ।"

गिरीले घाम लाग्ने प्रतीक्षामा मौसमसम्बन्धी समाचार पनि सुनिरहनुभएको छ । तर, जल तथा मौसम विज्ञान विभागले बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्या'का कारण बिहीबारदेखि शनिबार बिहानसम्म कोशी, मधेस र बागमती प्रदेशको मौसम प्रभावित हुने देखाएको छ । गिरीलाई जस्तै भक्तपुरकै सूर्य विनायक नगरपालिका–७ गुण्डुकी मीना नगरकोटी र अनिता बस्नेतलाई पनि काटिसकेको धान घर भित्र्याउन नपाउँदा तथा काट्न बाँकी धानमा निरन्तर पानी पर्दा काट्नै नपाई झर्छ कि भन्ने चिन्ता लागेको छ। गिरी र नगरकोटीले जस्तै भक्तपुरका किसानले असिना पानीको डरले तिहारलगत्तै धान काट्न थालेका थिए । तर मौसम प्रभावित भएर घाम नलाग्दा र पानी पर्दा त्यहाँका किसानले धान काट्दा काट्दै बीचमै छोड्नु परेको छ ।

त्यसैगरी ललितपुरको महालक्ष्मीनगरपालिका–७ चारघरेका किसान नुच्छेराज महर्जनले मंगलबार मात्रै दुई रोपनीको धान काट्नुभयो। तर, विहीबारदेखि घाममा सुक्नुपर्ने धानलाई पानीले पिटिरहेको छ । उहाँलाई पनि धान भित्र्याउने समयमा पानी र असिनाले धान सखाप पार्छ कि भन्ने चिन्ता छ । महर्जनले भन्नुभयो, "खेती लगाउने बेला जहिल्यै मल र बीउको अभाव, बल्लतल्ल खेती लगायो, जब स्यार्ने बेला असिना र पानीको डर हुने, दुई वर्षअघि पनि यस्तै भएको थियो, घाम लागेको देखेर धान काटेपछि झटार्न नपाउँदै लगातार पानीले धान खेतमै उम्रेको थियो, अहिले तीन दिनदेखि निरन्तर पानी परिरहेको छ, पानीले कुटेर सबै धानले टुसा हालेर घरभित्र हाल्न पाइएन, अब अहिले त्यसै हुने त होला ।" काटेको धान भित्र्याउन नपाउँदा यो वर्ष धानको उत्पादन घट्ने उहाँको अनुमान छ ।

धान काटेपछि घाम नलाग्दा र निरन्तर पानी पर्दा ललितपुर तथा भक्तपुरका किसान जस्तै धादिङ, गोर्खा, लमजुङ, तनहुँ, रूपन्देही लगायत देशैभरिका किसान पिरमा छन् । भित्र्याउनका लागि अन्तिम तयारीका साथ काटिसकेको धान खेतको गरामै भिजेपछि किसान चिन्तित छन् । यो यामको मुख्य बाली धान हो । धान स्याहार्ने अवस्थामा बेमौसमी वर्षा हुँदा किसानलाई चोट परेको छ । तिहार सकिएलगत्तै पाकेको धान काटेर भित्र्याउने तयारी हुँदै गर्दा मङ्गलबारदेखि परेको अविरल वर्षाले धान खेतमै भिजेको छ ।

अहिले काटेर सुकाएको धान खेतमा डुबेको छ। काट्न बाँकी धानको पनि पानीले बाला झारेको छ । बेमौसमी बर्सातका कारण वर्षभरिको मेहनत खेर जाने आम किसानको चिन्ता छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीमा विकसित चक्रवात 'मोन्या' का कारण आजदेखि शनिबार बिहानसम्म कोशी प्रदेशअन्तर्गत सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ र सुनसरी, मधेस प्रदेशअन्तर्गत बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा र सप्तरी, बागमती प्रदेशअन्तर्गत काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली मौसम प्रभावित हुने छ ।

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मङ्गलबार सूचना जारी गरी बिहीबारदेखि शनिबारसम्म धान तथा अन्य बाली नकाट्ने, काटेको भए तत्काल भित्र्याउन अनुरोध गरेको छ । बेमौसमी बर्सातका कारण पनि यो वर्ष धानको उत्पादन घट्नसक्ने कृषि विभागको भनाइ छ । विभागका सूचना अधिकारी तिलकराज चौलागाईंका अनुसार यस वर्ष भदौ ८ गतेसम्म धान रोपाइँ हुने क्षेत्रफलको ९८.५४ प्रतिशत भूभागमा धान रोपिएको थियो । कोशी प्रदेशमा ८७.२४ प्रतिशत, मधेस प्रदेशमा ८६.३५, बाग्मती प्रदेशमा ९७.२७ प्रतिशत र गण्डकी प्रदेशमा ९६.६३ प्रतिशत भूभागमा रोपाइँ भएको थियो।

त्यसैगरी लुम्बिनी प्रदेशमा ९८.३७ प्रतिशत, कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९४.९ प्रतिशत भूभागमा धान रोपाइँ भएको थियो । गत वर्ष भदौ ७ गतेसम्म ९४.६ प्रतिशत भूभागमा रोपाइँ गरिएको थियो । जलवायु परिवर्तनको कारण विश्वव्यापी रूपमा बढ्दो नकरात्मक असरलाई न्यूनीकरण गर्दै धान बालीमा जलवायु अनुकूलित प्रविधिको अनुसन्धान तथा विकास एवं उपलब्ध प्रविधिको प्रचारप्रसार गरी तिनको अवलम्बन गर्न कृषक र अन्य सम्बद्ध पक्षहरू सचेत र जागरूक बनाई सघन धान खेती (बर्खे र चैते) मार्फत उत्पादन एवं उत्पादकत्व बढाउनुपर्ने र देशलाई खाद्यान्नमा आत्मनिर्भर र खाद्य सुरक्षित हुने दिशामा काम गर्न अभिप्रेरित गर्नेगरी सरकारले यस वर्षको धान दिवसको नाराको 'धान बालीमा सघनता: खाद्यसुरक्षा र आत्मनिर्भरता' तय गरेको थियो ।

कृषि विभागका उपनिर्देशक जगन्नाथ तिवारीले भने मौसमबारे बेलैमा पूर्वसूचना भएका कारण पनि किसानह धेरै धान काटिनसकेको अवस्थामा क्षति पनि कम हुन सक्ने बताउनुभयो । यो वर्ष पानी ढिला परेको र रोपाइँ पनि ढिलै भएका कारण धेरै धान काट्न बाँकी भएकाले क्षति पनि कम हुने उहाँको भनाइ छ। आर्थिक वर्ष २०८१/८२ मा बर्खे र चैते दुवै गरी कुल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा धान खेती भई कुल ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएको र औसत उत्पादकत्व ४.१९ मेट्रिक टनप्रति हेक्टर रहेको थियो ।

विशेषगरी चालममा बढी निर्भरता, सोमध्ये पनि नेपालमा कम उत्पादन हुने मसिना तथा बासनादार चामलमा उपभोक्ताको बढी रोजाइ, छिमेकी मुलुकले धान निर्यातले लिने नीतिगत व्यवस्थालगायत कारण उत्पादन वृद्धि हुँदाहुँदै पनि धान/चामलको आयात अपेक्षाकृत कम हुन सकिरहेको छ । सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा मुलुकलाई आगामी दुई वर्षमा धानमा आत्मनिर्भर बनाउने विषय समावेश गरेको छ । रासस

**सम्पदाको संरक्षण गरौं ।**

❖देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,

❖राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,

❖राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

हाम्रो सम्पदा, हाम्रो पहिचान
सबै मिली गरौं संरक्षण !

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter

**Narayan Gaunle**
facebook.com/ngaunle

एअरपोर्टको ढोकैबाट फोटो खिच्यो भने देश रित्तिनै लागेजस्तो फोटो आउँछ । अलिकति अर्को साइडबाट फोटो खिच्यो भने देशकै मुख्य अन्तर्राष्ट्रिय विमानस्थल पनि खाली खाली देखिने रहेछ ! के देखाउने भन्ने कुरो मात्रै हो !

नेपालमात्रै होइन, विश्वका सबैजसो अन्तर्राष्ट्रिय विमानस्थल बिजी नै हुन्छन् । एअरपोर्ट खाली हुनु अर्थतन्त्रका लागि पनि चिन्ताको विषय हो । एअरपोर्टसँग सयौं अन्य व्यवसाय र दैनिकी गाँसिएका हुन्छन् ।

बाहिरबाट खाली खाली आउने जहाजले मान्छे बोकेर जाने होइन । तिनले उति नै मान्छे लिएर पनि आउँछन् । यो ग्लोबल युगमा मान्छे आउने जाने चलि नै रहन्छ । बेलायत छोडेर जाने पनि धेरै छन् । नामका धेरै भएपनि कामको यत्ति एउटा एअरपोर्ट न हो । पूर्वाधार पर्याप्त नभएर, ठाउँ साँघुरो र व्यवस्थापन कमजोर भएर मात्रै एअरपोर्टमा यत्तिको भीड देखिने हो । यहाँ फोटो खिच्दा अटाउने भीड मात्रै पक्कै होइन नेपाल !

हामीकहाँ कलिला युवादेखि श्रमबजारमा भित्रिएकासम्म धेरै मान्छे विदेश जान चाहन्छन्, यो सत्य हो । तर देशसँग मानव संसाधनको कुनै कमी छैन । एक करोड घटी जनसंख्या भएका कति धेरै देश छन् । हामीसँग तीन करोड छ । ठूलो जनसंख्या युवा छ ।

हाम्रो वैदेशिक व्यापार घाटामा छ । हामीलाई रेमिटेन्स पनि चाहिन्छ । अहिलेसम्म त्यसैले धानेको छ । तत्काल विदेश जाने वर्गलाई रोक्न सकिन्न । हामीलाई दक्ष, अनुभवी र अन्तर्राष्ट्रिय एक्सपोजर भएको जनशक्ति पनि चाहिन्छ । विश्वका हरेक देशमा आफ्नो नागरिक पुग्दा भारत खुशी छ । हामी दु:खी हुनुपर्ने कारण छैन देशकै लागि भनेर कसैले केही गर्ने होइन । आफ्नै लागि इमान्दार भएर गर्दै गर्दा देशसेवा हुने हो । देश भनेको हामी नै हौं ।

एअरपोर्टबाट बाहिर जानेले नेपाल मनमा बोकेरै जान्छन् । तिनकै सुटकेसमा बसेर नेपाली संस्कृति, भाषा, चाडपर्व, देशको नाम र सुवास विश्व घुम्छ। आज बेलायतमा चल्ने बसले नेपालीमा सूचना प्रसारण गर्छ, अस्ट्रेलियाको सुपरमार्केटले नेपाली ब्राण्डको खाद्यवस्तु बेच्छ । अरू सबै आर्थिक सूचक निगेटिभ हुँदा पनि रेमिटेन्स बढेको बढ्यै छ ।

यहीँ बसेर भविष्य खोज्नेले त देशको सेवा गरि नै रहेका छन् । बाँझो खेत जोत्नु पनि सेवा नै हो । अलिकति विवेक, अलिकति धैर्य, अलिकति ईमान, अलिकति जिम्मेबारीबोध सबैमा हुने हो भने एअरपोर्टको भीड दश गुना बढेर पनि देश बन्छ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४